## कार्यपालिका बैठक संख्या- १०

मितिः- २०८२।१०।२८

### निर्णयहरु

**निर्णय नं. १-** मिति २०८२।१०।२६ गतेको बैठक नं. ९ का निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो।

**निर्णय नं. २-** कार्य सम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन (LoCAL Project)का लागि चालु आ.व. २०८२/०८३ मा प्राप्त बजेट रु. २, ७२,००,०००।– रकमबाट कार्यान्वयन गर्नका लागि तपसिल बमोजिमका योजना/कार्यक्रमहरुको UNCDF को तर्फबाट आउनुभएका विज्ञहरु समेतको उपस्थितिमा स्थलगत अवलोकन गरी कार्यान्वयन योग्य योजना/कार्यक्रमलाई प्राथमिकीकरण गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | थरौली भाठा स्टील ट्रस निर्माण | वडा नं. ६ र वडा नं. १ | |
| २ | प्रेमनगर हाटबजार स्तरोन्नती तथा व्यवस्थापन | वडा नं. ६, प्रेमनगर | |
| ३ | लोहरौला हाटबजार स्तरोन्नती तथा व्यवस्थापन | वडा नं. २, लोहरौला | |
| ४ | मनकामना खानेपानी शुद्धिकरण | वडा नं. ६, प्रेमनगर | |
| ५ | गणेशपुर खानेपानी संचालन तथा व्यवस्थापन | वडा नं. ७, मधनगर | |
| ६ | साइबाबा खानेपानी मर्मत तथा संचालन | वडा नं. २, लोहरौला | |
| ७ | भगिरामपुर लिफ्ट सिंचाई विस्तार | वडा नं. १, भगिरामपुर | |
| ८ | गेडुवाजोत लिफ्ट सिंचाई पाइपलाइन विस्तार | वडा नं. ७, गेडुवाजोत | |

**निर्णय नं. ३-** कार्य सम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन (LoCAL Project)का लागि चालु आ.व. २०८२/०८३ मा प्राप्त बजेट मध्येको Project Preparation/Servicing अन्तर्गतको (Max 10%) रकमबाट तपसिल बमोजिमको योजनाहरुको सम्भाव्यता अध्ययन (Feasibility Study) तथा विस्तृत योजना प्रतिवेदन (Details Project Report) तयारी गर्ने निर्णय गरियो।

**तपसिलः-**

१. गाउँपालिकामा रहेका नदि तथा खोला/खोल्साबाट हुने कटान नियन्त्रण सम्बन्धमा,
२. गाउँपालिका भित्र सम्भावित सिंचाईका स्रोत र उपयोगका लागि उपयुक्त प्रविधि सम्बन्धमा,
३. राजकुलो पुनर्स्थापना तथा संचालनका सम्बन्धमा,
४. गेडुवाजोत देखि पत्थरदेइया पक्की पुल सम्मको सडक निर्माण,
५. भगिरामपुर, विरनगर, नयागाउँ, जवाबैराठ हुँदै प्रगन्नाटोल सम्म सडक निर्माण।

**निर्णय नं. ४- निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान** शिर्षकमा विनियोजित रकमबाट **शिव माध्यमिक विद्यालय, विजयनगर-५, डालपुरमा ४ कोठे पक्की भवन निर्माणका** लागि तयार भएको प्राविधिक लागत अनुमान बमोजिम अपूग हुन आउने रकम रु. १५,८३,८०५.२१।- (अक्षरेपी पन्ध्र लाख त्रियासी हजार आठ सय पाँच रुपैयाँ एक्काइस पैसा मात्र) गाउँपालिकाको श्रोतबाट व्यहोर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ५-** श्री लौटनराम द्रोपदी देवि मा.वि., विजयनगर-७, गणेशपुरमा सरस्वती पुजा, मुर्ति स्थापना तथा प्राण प्रतिष्ठा महोत्सव संचालन तथा व्यवस्थापनका लागि अपुग भएको रकम रु. १,५०,०००।– ( एक लाख पचास हजार मात्र) **चाड पर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण** शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व.२०८२।०८३